# आकाशवाणी समाचार- नेपाली

मितिः २१ सितम्बर २०२५

समयः १९:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- प्रधानमंत्री नरेन्द्र मोदीले आउँदो पीढ़ीको जीएसटी सुधार नवरात्रिको प्रथम दिन भोलि देखि प्रभावी हुने बताउनुभएको छ।
- राज्यका मुख्य निर्वाचन अधिकारी कार्यालयले विधानसभा चुनाव २०२६ अघि राज्यका सबै मतदान केंद्रहरुको विस्तृत डाटाबेस तैयार गर्ने प्रक्रिया शुरू गरेको छ।
- देशका विभिन्न भागहरु साथै राज्य भरी आज महालयाको त्योहार मनाइंदैछ।
- दार्जिलिङ हिमालयन रेलवेले हिज देखि प्रत्येक शनिवार खरसाङदेखि महानदीसम्म ट्रोय ट्रेनको जोय राईड शुरु गरेको छ।
- मौसम विभागले दुर्गा पूजाको अवधि राज्यमा वर्षा हुन सक्ने आशंका व्यक्त गरेको छ।

## प्रधानमंत्री सम्बोधन

प्रधानमंत्री नरेन्द्र मोदीले आउँदो पीढ़ीको जीएसटी सुधार नवरात्रिको प्रथम दिन भोलिदेखि प्रभावी हुने बताउनुभएको छ। राष्ट्रलाई सम्बोधन गर्नुहुँदै श्री मोदीले जीएसटी बचत उत्सव भोलि देखि शुरु हुने बताउनुभयो। मानिसहरुले कम्ती मुल्यमा वस्तुहरु किन्न सक्ने श्री मोदीले बताउनुभयो। उहाँले भन्नुभयो कि राष्ट्र को विकास गाथा यी सुधारहरुको साथमा परिवर्तित हुनेछ। युवा, नव मध्यम वर्ग, किसान, महिलाहरु अनि उद्यमीहरुलाई यस बचत उत्सवदेखि धैरै लाभ हुने प्रधानमंत्रीले बताउनुभयो। उहाँले भन्नुभयो प्रत्येक राज्य राष्ट्रको विकासको यात्रामा एक समान साझेदार हुनेछ। प्रधानमंत्रीले आउँदो पीढ़ीको जीएसटी सुधारहरु, बचत उत्सव अनि नवरात्रिका लागि देशवासीलाई आफ्नो शुभकामना पनि दिनुभएको छ। प्रधानमंत्रीले सरकारले कर प्रणालीलाई सरल बनाएको पनि प्रधान मंत्रीले बताउनु भयो।

नयाँ जीएसटी दरहरु आज मध्य रात्रि देखि लागू हुनेछ।आम मानिसहरुलाई राहत दिनका लागि उपभोक्ता वस्तुहरुको एक विस्तृत श्रृंखलामा दरहरुलाई कमी गरिएको छ। प्रधानमंत्री नरेंद्र मोदीले यस वर्ष स्वतंत्रता दिवसमा लालकिल्लाको प्राचीर देखिए जीएसटी सुधारहरुको आगमी पुस्ताको घोषणा गर्नु भएको थियो। उहाँको यो सपना ३ सितम्बरमा साकार भयोए जब जीएसटी परिषदले नागरिकहरुको जीवनलाई सहज बनाउनका लागि कैयन क्षेत्रहरुमा कर दरहरुमा कटौती गरेको छ। एक रिपोर्ट:

## बङ्गाल-निर्वाचन आयोग

राज्यका मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयले विधानसभा चुनाव २०२६ अघि राज्यका सबै मतदान केंद्रहरुको विस्तृत डाटाबेस तैयार गर्ने प्रक्रिया शुरू गरेको छ। यसको उद्धेश्य मतदाताहरुलाई उनीहरुको निर्धारित मतदान केंद्रको पूर्ण जानकारी अघिबाटै उपलब्ध गराउन हो। सीईओ कार्यालयसित जुड़ेका एक अधिकारी अनुसार धैरै पुरानो मतदाताहरुका बूथ यस पटक परिवर्तित गरिन सकिनेछ। आगामी चुनावहरुमा मतदान केंद्रहरुको संख्यामा लगभग १७ प्रतिशतको बढ़ोतरी गरिएको कारण यस्तो गरिएको अधिकारीले बताएका छन्। २०२१ विधानसभा अनि २०२४ लोकसभा चुनावहरुको तुलनामा २०२६ मा कुल बूथहरुको संख्या बढ़ेर ६४ हजार भन्दा अधिक हुनेछ। निर्वाचन आयोगको निर्देश अन्तर्गत अब कुनै पनि बूथ मा १२०० भन्दा अधिक मतदाता हुने छैन। यसै कारण अतिरिक्त मतदान केंद्र बनाइएको अधिकारीले बताएका छन्। सूत्र अनुसार तैयार गरिएका डाटाबेसमा प्रत्येक बूथको ठेगाना, ढांचा अनि उपलब्ध सुविधाहरुको ब्यौरा दर्ता

## महालया-बंगाल

महालयाको साथै आज पितृपक्षको समापन भएको छ। यसको साथै सम्पूर्ण पश्चिम बंगालमा दुर्गा पूजाको शुरुआत भएको छ। अमावस्या तिथिमा बिहान देखिनै हजारौं श्रद्धालुले गंगा तटहरुमा पितृ तर्पण गरी आफ्ना पूर्वजहरुलाई श्रद्धांजलि अर्पण गरेका छन्। वैदिक मंत्रोच्चार बीच पुरोहितहरुले तिल, पुष्प अनि चामलको साथ पितृ तर्पण गराएका छन्। महालयाको दिन बंगालमा परंपरा

अनुसार बिहान पांच बजेदेखि आकाशवाणीमा बिरेंद्र कृष्ण भद्रको आवाजमा महिषासुर मर्दिनी पाठको प्रसारण गरियो। महालयको दिनदेखि देवी दुर्गा पृथ्वीमा अवतरण गर्नुहुन्छ भन्ने धार्मिक मान्यता पनि रहेको यस पछि सम्पूर्ण राज्यमा ढाक-ढोल, मंत्रोच्चार अनि दुर्गा स्तुतिको साथमा आराधनाको वातावरण बन्दछ। आज देखि कोलकाता समेत सम्पूर्ण बंगालका गांव-शहरहरुमा दुर्गा पंडालहरु सज्जिन थालेको छ। विशालकाय प्रतिमाहरुको स्थापनाको कार्य पनि शुरू भएको छ। दुर्गा पूजा केवल धार्मिक पर्व मात्र नभएर बंगालको संस्कृति अनि कला को सबैभन्दा भव्य उत्सव पनि हो।

आज देशका विभिन्न भागहरू साथै दार्जीलड पहाड़, तराई, डुवर्सका विभिन्न स्थानहरूमा महालय पर्वको विशेष रौनक देखियो। विशेष गरी टिस्टा, महानन्द लगायत अन्य नदी किनारमा धार्मिक अनुष्ठान सम्पन्न भएको समाचार प्राप्त भएको छ। हिन्दु धर्मावलम्बीहरूका लागि महालय पर्वलाई पितृ तर्पण तथा श्राद्धको दिनको रूपमा लिइन्छ। आजका दिन श्राद्ध गर्दा पितृहरू प्रसन्न भई परिवारमा सुख शान्ति तथा समृद्धि आउने धार्मिक विश्वास अनि जनविश्वास छ। आजकै दिनदेखि गोर्खा बाहुल्य क्षेत्रहरूमा दसै पर्वको औपचारिक रूपमा शुरूवात भएको मानिन्छ।

**महालय-ममता**

आज महालया साथै देवी पक्षको शुरुआत भएको छ। सम्पूर्ण बंगालमा दुर्गा माताको आराधनाको वातावरण बनेको छ। यसै अवसरमा मुख्यमंत्री ममता बनर्जीले मानिसहरुलाई महालयाको शुभकामना दिनुभएको छ। मुख्यमंत्रीले आफ्नो संदेशमा यस अवसरमा मुख्यमंत्रीले आफुले लेख्नुभएको तथा संगीतबद्ध गरिएको पूजा गीत पनि मानिसहरुसित साझा गर्नुभएको छ। उल्लेखनीय छ मुख्यमंत्री ममता बनर्जीले साझा गर्नुभएको गितमा देवी दुर्गाको आराधना गरिएको छ भने यसलाई इंद्रनिल सेनले स्वर दिएका छन्।

**डीएचआर**

दार्जिलिङ हिमालयन रेलवेको तर्फबाट हिज देखि प्रत्येक शनिवार खरसाङदेखि महानदीसम्म सूर्यास्तको समयमा विश्व प्रसिद्ध ट्रोय ट्रेनको जोय राईड शुरु गरिएको छ। हिज पहिलो शनिबार दार्जिलिङ हिमालयन रेलवेको वाष्पचालित ईञ्जिनको साथमा खरसाङ रेलवे स्टेशनबाट जोय राईड महानदीसम्मको लागि शुरु गरिएको छ। यस क्रममा खरसाङ रेलवे स्टेशनमा रलेवेका एडीआरएम मनोजकुमार सिंह, दार्जिलिङ हिमालयन रेलवेको निदेशक रिशप चौधरी, रेलवेका ट्राफिक इन्सपेक्टर चन्दनकुमार उपस्थित भएर हरियो झण्डा देखाएर शुरु गरिएको छ। हिज पहिलो दिनको जोय राईडमा खरसाङ क्षेत्र, गिध्द पहाड, सिरुबारी, महानदी क्षेत्रका वरिष्ठ नागरिकहरुलाई नि:शुल्क खरसाङदेखि महानदीसम्म र महानदीदेखि खरसाङसम्म जोय राईड गराइएको थियो।

**निरज जिम्बा**

दार्जीलिङ बिधानसभा क्षेत्रका विधायक निरज जिम्बाले आफ्नो विधायक निधि अन्तर्गत पुल–बिजनबारी ब्लकका गाउँहरूमा स्ट्रीट लाइट जड़ान गरि महत्वपूर्ण पहल सफलतापूर्वक सम्पन्न गरेका छन्। बदामताम ग्रामपञ्चायत दारा गाउँए  लामाको डिभिजनमा सातवटा स्ट्रीट लाइट जडान गरिएको छ तथा स्वास्थ्य केन्द्रए  एवं  सवारी पार्किङ पनि क्षेत्र मा बनाइएको छ।

**तालिम केन्द्र**

दार्जीलिङ पहाडको युवाहरुलाई उद्यमी बनाउने उद्देश्य राखेर अग्रोलाइफ ट्रस्ट अनि सिपाहीधुरामा अवस्थित वुडकटको संयुक्त तत्वावधानमा सुँगुर पालन तालिम केन्द्रको आज विधिवत उद्घाटन गरिएको छ। सुँगुर पालनको उद्यमी बन्न अनिवार्य पशु बारे ज्ञान, पशुको स्वास्थ, खानपान, फण्डिङ अनि बजार व्यवस्था बारे शिक्षण तथा सहयोग तालिम केन्द्रमा दिइने बताइएको छ।

**मौसम**

मौसम विभागले दुर्गा पूजाको अवधि राज्यमा वर्षा हुन सक्ने आशंका व्यक्त गरेको छ। बंगालको खाड़ीमा बनेको नयाँ निम्न दबाव अनि सक्रिय मौसमी हावाहरुको कारण आगामी बुधवार सम्म राज्यको धैरै भागहरुमा भारी वर्षा हुने सक्ने आशंका विभागले व्यक्त गरेको छ।

****** ० ******